# सिद्धलेक गाउँपालिका

## गाउँ कार्यपालिकाको अर्थ सम्बन्धीत प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेक

कार्यपालिकाबाट स्वीकृत मितिः –२०७४।१२।२९

सिद्धलेक गाउँपालिका

# <u>सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७४</u>

## सिद्धलेक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

**सिद्धलेक** गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा 288 को उपधारा (2) ले दिएको अधिकार प्रयोग गरि संविधानको धारा २२६ को उपधारा (१)बमोजिम

सिद्धलेक गाउँसभाले यो अर्थ सम्बन्धीत प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बनधी ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम “आर्थिक ऐन, 2074” रहेको छ ।
   (2) यो ऐन 2074 साल श्रावण 1 गतेदेखि **सिद्धलेक गाउँ** पालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (3) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (9) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (11) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 12 मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची - १

दफा ३ संग सम्बनधीत

एकिकृत सम्पत्ति कर/घर जग्गा करका दरहरु

| क.सं. | करका क्षेत्र/ विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची - २

दफा ४ संग सम्बनधीत

भुमीकर(मालपोत) दरहरु

| क.सं. | जग्गाको क्षेत्रफल/ विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ३

दफा ६ संग सम्बनधीत

घरवहाल करका दरहरु

| क.सं. | घरवहाल कर/ विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ४

दफा ६ संग सम्बनधीत

व्यवसाय करका दरहरु

| क.सं. | व्यवसाय कर/ विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ५

दफा ७ संग सम्बनधीत

जडीबुटी,कवाडी र जीवजन्तु करका दरहरु

| क.सं. | विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ६

दफा ८ संग सम्बनधीत

सवारी साधन कर

| क.सं. | सवारी साधनको विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ७

दफा ९ संग सम्बनधीत

विज्ञापन कर

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ८

दफा १० संग सम्बनधीत

मनोरञ्जन कर

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ९

दफा ११ संग सम्बनधीत

बहाल विटौरी शुल्क

| क.सं. | विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - १०

दफा १२ संग सम्बनधीत

पार्किङ्ग शुल्क

| क.सं. | विवरण | दर |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - ११

दफा १३ संग सम्बनधीत

ट्रेकिङ्ग, कोयोकिड,कयानोइङ्ग, बन्जी, जम्पिङ्ग,जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |